# मूल्याङ्कनको सम्बन्धमा अभिभावकहरूका लागि दिग्दर्शन

## STAR (STAR प्रारम्भिक साक्षरता र STAR पठन)

मूल्याङ्कनहरूले विद्यार्थी, बुवा-आमा र शिक्षकहरूलाई विद्यार्थीहरूले 21 औं शताब्दीका तयार गरिएको ग्रेड स्तर र विषयसूचीका मानकहरूमा दक्षता हासिल गरेका छन् कि छैनन् र उनीहरू ग्रेजुएट गर्ने बाटोमा छन् कि छैनन् भन्ने मूल्यवान् जानकारी उपलब्ध गराउँछ। यी मूल्याङ्कनका नतिजाहरूले तपाईंको बच्चाको शैक्षिक प्रगतिका प्रमाणहरूको समूहबाट एउटा मापन प्रदान गर्नेछ भन्ने मनसाय राखिन्छ ।

## यो मूल्याङ्कन भनेको के हो ?

STAR (पठनको मूल्याङ्कनसम्बन्धी मानकीकृत जाँच) सम्बन्धी साक्षरताका मूल्याङ्कनहरू व्यक्तिगत रूपमा, सानो समूह वा सम्पूर्ण कक्षाको सेटिङमा सञ्चालन हुने विद्यार्थीको क्षमता आधारित कम्प्युटरको मूल्याङ्कन हो । DPS ले अङ्ग्रेजी भाषाको पठनसम्बन्धी उपलब्धिको स्तर नाप्न STAR का दुईवटा परीक्षण प्लेटफर्म प्रयोग गर्छ ।

1. STAR को प्रारम्भिक साक्षरता - किन्डरगार्टन देखि ग्रेड 3 सम्मका विद्यार्थीहरूका लागि र राष्ट्रिय स्तरमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नका लागि सञ्चालन गरिन्छ ।
2. STAR पठन ग्रेड 1 देखि 12 सम्मका विद्यार्थीहरूका लागि र राष्ट्रिय स्तरमा विद्यार्थीहरूको मूल्याङ्कन गर्नका लागि सञ्चालन गरिन्छ ।

STAR प्रारम्भिक साक्षरता र STAR पठनले Colorado READ Act का आवश्यकताहरू पूरा गर्छन् र यी मूल्याङ्कनहरू विद्यार्थीको उपलब्धि स्तर र प्रगति नाप्न, विद्यार्थीका पठनका कमजोरीहरू परीक्षण गर्न, विद्यार्थीको आवश्यकता अनुसार निर्देशन प्रदान गर्न प्रयोग गरिन्छ । ग्रेड स्तरभन्दा धेरै कमजोर पठन भएका विद्यार्थीहरूका लागि पठनका लक्षित हस्तक्षेप योजनाहरू (READ योजनाहरू) सिर्जना गर्न STAR का निदानसम्बन्धी तथ्याङ्क प्रयोग गर्न सकिन्छ ।

## मेरो बच्चालाई कहिले जाँच गरिन्छ ?

Colorado को READ Act (पठनसम्बन्धी ऐन) अनुसार, परीक्षणका निश्चित अवधिहरूका दौरान K-3 का सबै विद्यार्थीहरूलाई अनिवार्य रूपमा राज्य समितिद्वारा अनुमोदित पठनको अन्तरिम मूल्याङ्कनमा जाँच गर्नु पर्छ । READ Act (पठनसम्बन्धी ऐन) सम्बन्धी परीक्षण अवधि शरद, मध्यवर्ष, र वसन्तमा छ हप्तासम्म चल्छ । किन्डरगार्टनका विद्यार्थीहरूले आफ्नो शरदको मूल्याङ्कन पूरा गर्न थप 30 दिन प्राप्त गर्छन् । विद्यालयहरूले विद्यार्थी परीक्षण गर्न सम्पूर्ण परीक्षण अवधि प्राप्त गर्छन् । राज्यको कानुन अनुसार, योग्यता स्तर भन्दा कम अङ्क प्राप्त गर्ने किन्डरगार्टन देखि ग्रेड तीनका विद्यार्थीहरूले आफ्नो पठनको क्षमता प्रमाणित गर्न एउटा देखि दुईवटा अतिरिक्त मूल्याङ्कनमा सहभागी हुनु पर्नेछ ।

**READ Act Testing Windows (पठनसम्बन्धी ऐनको परीक्षण अवधि):**

| | | |
|---|---|---|
| ग्रेड K – 12 | अगस्त अन्तिम – अक्टोबर अन्तिम | शरद |
| ग्रेड K – 12 | डिसेम्बर – मध्य फेब्रुअरी | मध्यवर्ष |
| ग्रेड K – 12 | मध्य-मे | वसन्त |

विद्यालय अनुसार परीक्षण मिति फरक पर्न सक्छ । आफ्नो बच्चाको निश्चित परीक्षण मितिका लागि कृपया बच्चाका शिक्षकसँग सम्पर्क गर्नुहोस् ।

## मेरो बच्चाले कस्तो अङ्क प्राप्त गर्ने छन् ?

STAR का मूल्याङ्कनहरूले प्रदान गर्ने दुई मुख्य अङ्कहरू यहाँ प्रदान गरिएको छ:

मात्रिक अङ्क (Scaled Score वा SS) सहि उत्तरहरूको सङ्ख्या तथा सामाग्रीको कठिनाइमा आधारित हुन्छ । यो ग्रेडहरू बीचको प्रदर्शन तुलना गर्न उपयोगी हुन्छ । मात्रिक अङ्क STAR प्रारम्भिक साक्षरतामा 300 – 900 र STAR पठन मा 0 – 1400 बीचको दायरा रहन्छ ।

शतांश स्थान (Percentile Rank वा PR) ले निश्चित विद्यार्थीको अङ्कसँग समान वा त्यो भन्दा कम मात्रिक अङ्क प्राप्त गर्ने राष्ट्रिय स्तरका विद्यार्थीहरूको प्रतिशतलाई सङ्केत गर्छ । PR मानक अनुसार जनाइने अङ्क हो र यो 1–99 बीचको दायरा पर्छ । 75 को PR प्राप्त गर्ने विद्यार्थीले राष्ट्रिय स्तरमा समान ग्रेडका 75% विद्यार्थीहरू जतिकै वा त्यो भन्दा राम्रो प्रदर्शन गरे । विद्यार्थीको शतांश स्थानले प्रवीणताका निम्न श्रेणीहरूलाई जनाउँछ:

- बेन्चमार्क मा/माथि: विद्यार्थीले ग्रेड स्तरमा प्रदर्शन गरिरहेका छन्
- निगरानीमा: विद्यार्थीले ग्रेड स्तर भन्दा न्यून स्तरमा प्रदर्शन गरिरहेका छन् र उनलाई हस्तक्षेप आवश्यक पर्छ
- हस्तक्षेप जरुरी र तत्काल हस्तक्षेप जरुरी: विद्यार्थीले ग्रेड स्तर भन्दा निकै न्यून प्रदर्शन गरिरहेका छन् र उनलाई गहन हस्तक्षेप आवश्यक पर्छ

आफ्नो बच्चासम्बन्धी निश्चित जानकारीका लागि कृपया आफ्नो बच्चाका शिक्षकसँग सम्पर्क गर्नुहोस् ।

## यी अङ्कहरू कसरी प्रयोग गरिनेछ ?

STAR सम्बन्धी मूल्याङ्कनले शिक्षकहरूलाई आफ्नो शिक्षण मागदर्शन र परिमार्जन गर्न महत्त्वपूर्ण तथ्याङ्क सङ्केत प्रदान गर्छ । STAR का अङ्कहरू तपाईंका बच्चा कुन स्तरमा पठन गर्दै छन् भनेर पहिचान गर्न, विद्यार्थीका बलिया पक्षहरू र कमजोरीको सम्बन्धमा पठनका लक्ष्यहरू निर्धारण गर्न, पठनको प्रगति अनुगमन गर्न, पठनका लक्षित हस्तक्षेपहरू सिर्जना गर्न, र तपाईंको बच्चालाई अतिरिक्त सहायता आवश्यक पर्छ कि भनेर निर्णय गर्न प्रयोग गर्न सकिन्छ ।

## अतिरिक्त जानकारी:

हामी तपाईंलाई आफ्नो बच्चाको शिक्षामा संलग्न हुन प्रोत्साहित गर्छौं । कृपया तपाईंले आफ्नो बच्चालाई घरमा र जाँचको बन्दोबस्तीको उपलब्धतामा कसरी सहयोग गर्न सक्नु हुन्छ भन्ने कुराको जानकारी लिन आफ्नो विद्यार्थीका शिक्षकलाई सम्पर्क गर्न संकोच नमान्नुहोस् ।

**थप सूचना: मूल्याङ्कनहरू**
निम्न वेबसाइट भ्रमण गर्नुहोस्:

- assessments.dpsk12.org

तपाईंसँग मूल्याङ्कनको सम्बन्धमा कुनै पनि प्रश्न वा सरोकारहरू छन् भने कृपया सिधैँ आफ्नो बच्चाको विद्यालयमा सम्पर्क गर्नुहोस् वा Family Constituency Services लाई (720) 423-3054 मा फोन गर्नुहोस् ।